नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-७५

## "मानव बेचबिखन मुद्दाका फरार अभियुक्त पक्राउ"

### पक्राउ अभियुक्तको विवरण :-



**नाम:- कमल कुमार शर्मा भन्ने कमल कुमार न्यौपाने**

**उमेर :- ४६ वर्ष।**

**स्थायी वतन:- जिल्ला दाङ पवननगर न.पा.वडा नं.३ हाल तुल्सीपुर उप-महानगरपालीका वडा नं १।**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

- निज प्रतिवादी कमल कुमार न्यौपानेको नाममा केन्द्रीय अनुसन्धान ब्युरो(CIB) मा आ.व. २०७५/०७६ मा ५ वटा मुद्दा दर्ता भएकोमा थप अनुसन्धानको लागि मिति २०७६।०६।०१ गते यस ब्युरोमा प्राप्त भएको,
- उक्त मुद्दामा ६ पुरुष र २ महिला गरी जम्मा ८ जना पीडितहरु रहेको,
- निज कमल कुमार न्यौपाने विरुद्ध दर्ता भएको मुद्दाहरुको छोटकरी विवरण यस प्रकार रहेको:
- १६ नं. मुद्दामा जाहेरवालाहरुलाई प्रतिवादी कमल न्यौपानेले पोर्चुगलमा International Money Exchange र होटल मध्ये एकमा काम लगाई दिने र तलव १२ सय युरो देखि १८ सय युरो सम्म कमाई हुन्छ, भनी प्रलोभनमा पारी जनही प्रति ब्यक्ति रु.१० लाख नेपाली रुपैया लाग्छ, शुरुमा प्रोसेसको लागि ३ लाख लाग्छ भनी बताएकोमा रु.२/२ लाखको दरले रु.४ लाख जम्मा गरी दिए पश्चात पुन: रु. ४ लाख जम्मा गरी दिनु भनेकोले फेरी रु.४ लाख जम्मा गरी कुल रु. ८ लाख दिए पश्चात भारतको नयाँ दिल्ली जानु भनी भनेकोले भारतको नयाँदिल्ली गई पिताम्बर कडेललाई सम्पर्क गरी निजलाई भेटे पश्चात अरबी मुलुकका मानिसहरु ल्याई निजको जिम्मा लगाएपछि हामीलाई बेचबिखन गर्न लागको थाहा भई त्यहाँबाट भागी नेपाल फर्कन सफल भएकोले निज प्रतिवादीहरुलाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त,
- १७ नं. मुद्दामा जाहेरवाला परिवर्तित नाम काठमाण्डौ २६ CIB ४४२ लाई प्रतिवादी कमल कुमार न्यौपाने समेतले दुवईको शेखको बिशेष मान्छे हुँ **पोल्याण्ड** पठाई दिन्छु भनी बिभिन्न किसिमको प्रलोभनमा पारी दुबईको भिषा लगाई, तर काम नभए पछि भारतको नयाँदिल्ली जानु त्यहाँ मेरो साथी पिताम्बर कडेल छ,मलाई केही पैसा दिनु भनी भन्दा जाहेरवालाले रु. ५ लाख ७० हजार रुपैया दिई दिल्ली गई पिताम्बर कडेललाई भेटी कागजातहरु मिलाउनु भनी फेरी २ लाख ३० हजार लिई अब तिम्रो काम हुन्छ भनी निजले कोठामा लगी बन्धक बनाई राखी जबरजस्ती मुस्लिम मान्छेको गाडीमा राखी लैजादै गर्दा पिसाब लाग्यो भनी बहाना बनाई भागी नेपाल फर्किन सफल भएकोले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त,
- १८ नं. जाहेरवालाहरुलाई प्रतिवादी कमल कुमार न्यौपाने समेतले आएरल्याण्डमा मासिक १२०० देखि १८०० युरो सम्म कमाई हुन्छ १५ दिन भित्र काम हुन्छ भनी बिभिन्न किसिमको प्रलोभनमा पैसा लिई काठमाण्डौबाट दुबई लगी एउटा कोठामा राखी चरम मानसिक यातना दिई १ महिना सम्म बन्धक बनाई राखेकोमा अब यहाँबाट काम नहुने भयो तिमीहरु

दिल्ली जानु पर्ने भयो भनी भारतको दिल्ली लगी प्रतिवादी पिताम्बर कडेलसँग भटे गराई निजले कोठामा लगी १ हप्ता सम्म कोठामा लगी थुनी बन्धक बनाई राखेको अबस्थामा निजहरुको साथबाट भाग्न उम्कन सफल भई नेपाल फर्किन सफल भएकोले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

- १९ नं. मुद्दामाजाहेरवाला परिवर्तित नाम काठमाण्डौ २६ CIB ४४३ लाई मधुसुदन राउतसँग चिनजान भई निजैको माध्यमबाट प्रतिवादी कमल कुमार न्यौपानेसँग भेट भई निजले मासिक १२०० देखि १८०० सम्म कमाई हुन्छ २/३ महिना भित्र काम हुन्छ भनी प्रलोभनमा पारी रु.८,६०,००।- रुपैया लिई काठमाण्डौबाट दुबई लगी राहदानी लगायतको कागजातहरु समेत नियन्त्रणमा लिई दुबईमा बन्धक बनाई राखी दुबईबाट काम नहुने भयो भारतको दिल्ली जानुपर्छ भनी दिल्ली लगी प्रतिक शर्मासँग भेट भई निजले कोठामा लगी राखी बिभिन्न मान्छेसँग भेट गराई बन्धक बनाई राखेको अवस्थामा निजहरुको साथबाट भाग्न उम्कन सफल भई नेपाल फर्किन सफल भएकोले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउ भन्ने व्यहोराको जाहेरी दरखास्त,

- २० नं.मुद्दामा जाहेरवालाहरुलाई बैदेशिक रोजगारीको लागि पोर्चुगल पठाई दिन्छु भनी प्रतिवादी कमल कुमार न्यौपाने समेतले बिभिन्न मितिमा निजको खातामा पैसा जम्मा गर्न लगाई २३ अगस्ट २०१८ मा नेपाल एयरलाईन्सको उडानद्धारा भारतको नयाँदिल्ली पठाई दिल्लीमा रहेका पिताम्बर कडेल लिन आई हामीलाई ५५ दिन सम्म दिल्लीको एक होटलमा बन्धक बनाई राखेको अवस्थामा निजहरुको साथबाट भाग्न उम्कन सफल भई नेपाल फर्किन सफल भएकोले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त,
- उक्त मुद्दाको आधारमा निज प्रतिवादी कमल कुमार न्यौपानेलाई खोजतलास गर्ने क्रममा मिति २०८१।११।२४ गते जिल्ला कञ्चनपुर गड्डाचौकी (नेपाल भारत सीमाना) बाट पक्राउ गरी अदालतबाट म्याद थप गरी आवश्यक थप अनुसन्धान कार्य भई रहेको।

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

**मिति: २०८१/११/२५ गते।**